## आ.व. २०७५।०७६ मा भएका जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयहरु

### बैठक संख्या १ मिति : २०७५।०४।०१

१. मिति २०७५ साल श्रावण १ गते राती परेको अविरल वर्षाको कारण जलजला गाँउपालिका वडा नं. ७ र ८ मा भएको क्षती तथा राहात उद्धार कार्यको बारेमा समिक्षा गरियो ।

२. जलजला गाँउपालिका वडा नं. ७ स्थित ४६ घर ,वडा नं. ४ स्थित १० घर र वडा नं. १ स्थित २ घर गरी जम्मा १२५ प्रभावित घर हरु मध्ये २२ घर उच्च जोखीममा रहेकोले उक्त घर परिवारलाई तत्काल नजिकको सार्वजनिक स्थलमा पून: स्थापना गर्ने साथै प्रभावित अन्य घरपरिवारको लगत जलजला गाँउ कार्यपालिकाको कार्यलयले स्थानिय जनप्रतिनिधी को रोहवरमा विवरण तयार गरी जिल्ला विपद् व्यवस्थापन समिती समक्ष पेश गर्न अनुरोध गर्ने ।

३. जलजला गाँउपालिकामा भएको भू.क्षयको क्षतीको लगत तयार गरी सम्वन्धीत विषयगत कार्यालयमा पेश गर्न जलजला गाँउपालिकालाई लेखी पठाउने । साथै स्थानिय विपद् व्यवस्थापन समिती को वैठक बसी तत्काल राहात उद्दार कार्य गर्न लेखी पठाउने ।

४. विस्थापित परिवारलाई तत्काल राहातका लागी उद्योग वाणिज्य संघ पर्वत र नेपाल रेडक्रस सोासईटी पर्वत एवं अन्य सरोकारवाला निकायलाई अनुरोध गर्ने ।

५. गृह मन्त्रालयको विपद् व्यवस्थापन कार्यविधि बमोजिम प्रमुख जिल्ला अधिकारीबाट मृतक विकाश परियारको परिवालाई तत्काल राहत स्वरुप आजै घटनास्थल मै उपलब्ध गराईएको रु एक लाख जिल्ला विपद व्यवस्थापन समितिको बैठकवाट सर्वसम्मत अनुमोदन गरीयो ।

६.जलजला गा.पा क्षेत्रमा प्राप्त राहात सामागृी सम्बन्धित व्यक्तिलाई एकद्वार प्रणली मार्फत वितरण गर्ने र त्यसको संयोजन जलजला गा.पा ले गर्ने र सोको प्रगती विवरण जिल्ला विपद् व्यवस्थापन समितीलाई नियमित उपलब्ध गराउने ।

७. उक्त प्रभावित क्षेत्रको भौतीक संरचना निर्माण कार्यमा सहयोग गर्ने जलजला गा.पा का प्राविधीक ईन्जीनियर को संयोजकत्वमा सिंचाई, खानेपानी,कृषि,भू-संरक्षण र जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यालयको सक्रियतामा एक हप्ता भित्र प्राविधिक लगत ईस्टमेट कार्य सम्पन्न गरी सिफारिस गर्न लेखी पठाउने ।

८.उक्त अविरल वर्षाका कारण मृत्य भएका स्व.विकास परियार प्रति हार्दिक श्रद्वान्जली अर्पण गर्दे शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना साथै घाईतेहरुको शिध्र स्वास्थ्य लाभको कामना गरीयो ।

### वैठक संख्या २ मिति : २०७५।०४।०६

१. मिति २०७५ साल श्रावण १ गते रातिको वर्षाको कारण जलजला गा.पा वडा नं. ७ र ८ मा हुन गएको क्षतीमा सरोकारवाला निकायहरुवाट प्राप्त भएको सहयोग एवं सवै पक्षवाट प्राप्त भएको सहयोग सम्वन्धमा समिक्षाँ गरीयो । साथै सहयोग प्रदान गर्ने सवै निकायहरुलाई धन्यवाद प्रकट गरियो ।

२. मिति २०७५ साल श्रावण १ गते रातिको वर्षाको कारण जलजला गा.पा वडा न.७ र ८ मा आएको वाढी, पहिरोले क्षती पुर्‍याएको क्षतीग्रस्त क्षेत्रमा भावि जोखीम न्युनीकरण गर्नको लागी जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं. १६ वाग्लुङ्ग ले स्थलगत निरिक्षण गरी तयार पारेको लगत अनुमान सहितको प्रतिवेदन वैठकमा राखी छलफल गरीयो । सो सम्वन्धमा उक्त लगत अनुमान बमोजिम को रकम रु ३,५०,९०,४७१।. माग गर्न गण्डकी प्रदेश भौतीक पूर्वाधार विकास मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरीयो ।

३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पर्वतले स्थलगत रुपमा सो क्षेत्रको निरिक्षण गर्दा तत्काल स्थानिय तवरवाट नै अस्थायीरुपमा खानेपानी को पाईप लाईन मर्मत गरी व्यवस्थापन गर्ने र खानेपानीको दिगो व्यवस्थापनका लागी लगत अनुमान तयार गरको लगत अनुमान बमोजिमको रकम रु ८,५०,०००।. माग गर्न गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी तथा सरसफाई मन्त्रालयमा सिफारिस गरी पठाउने निणर्य गरीयो ।

४. मिति २०७५ श्रावण १ गते रातिको वर्षाको कारण जलजला गा.पा वडा नं. ७ र ८ मा आएको वाढी, पहिरोले क्षती पुऱ्याएको कुलो मर्मत को लागी सिंचाई विकास सव-डिभिजन कार्यालय, पर्वतले स्थलगत निरिक्षण गरी तयार पारेको लगत अनुमान सहितको प्रतिवेदन वैठकमा राखी छलफल गरियो । सो सम्वन्धमा उक्त लगत अनुमान बमोजिमको रकम रु ३१,१८,५१०।- माग गर्न गण्डकी प्रदेश, भौतिक पूर्वाधारर विकास मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरीयो ।

## वैठक संख्या ३ मिति : २०७५।०७।१२

१. आ.व ०७५/०७६ को साउन १ गते देखी असोज मसान्त सम्म यस जिल्लामा घटेका विपद्का घटनाहरु(बाढी,पहिरो,आगलागी,चट्याङ्ग) वाट पिडित व्यक्ति , घरपरिवारहरुलाई तत्काल राहात स्वरुप जिल्ला प्रशासन कार्यालय, पर्वतवाट वितरण गरिएको जम्मा रकम रु २,८७,०००।- (अक्षरुपी दुई लाख सतासी हजार मात्र वैठकमा जानकारी भई अनुमोदन गरीयो ।

२. यस जिल्लामा मिति २०७५ साल श्रावण १ गते जलजला गा.पा.मा अविरल वर्षाका कारण पहिरो गएकोमा उक्त घटनामा परी घाईते भएका व्यक्तिहरुलाई तत्काल उपचारका लागी अस्पताल पठाईएकोमा सरकारी अस्पताल मा उपचार गराँउदा लागेको सक्कैले विल भरपाई बमोजिमको रकम घाईते हरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

३. २०७२ सालको भूकम्प वाट प्रभावित भएका तर NRA को Data Base मा नपरेका २०७५ साल श्रावण १८ गते देखी २०७५ साल भाद्र १५ गते सम्म पुनः निर्माण प्रस्ताव पेश गरेका तपसिलका विद्यालयहरुको वस्तुगत अध्ययन, अवलोकलन,भिडियो,फोटोर मजुल्काको आधारमा NRA को Data Base मा राख्न केन्द्रीय आयोजना कार्यान्वयन ईकाई (शिक्षा) ज्ञानेश्वर काठमाण्डौमा सिफारिस गर्ने र भुकम्प वाट प्रभावित भएका तर Data Base मा नभएका विद्यालयहरुको हकमा NRA/CLPIU सँग समन्वय गरी एकपटक सूचना प्रकाशन गर्ने निणर्य गरीयो ।

**तपसिल**

| क्र.स | दर्ता नं. | विद्यालयको नाम | ठेगाना | कै |
|---|---|---|---|---|
| ०१ | ११ | सरस्वती मा.वि | मोदी,५ बाजुङ्ग | |
| ०२ | १४ | अम्बारी मा.वि | विहादी,२ वर्राचौर | |
| ०३ | २१ | शिला मा.वि | विहादी,६शालिग्राम | |
| ०४ | २२ | शालिग्राम मा.वि | विहादी,६ सेतीवेणी | |
| ०५ | ३७ | अम्बारी मां.वी | विहादी ,२ वर्राचौर | |
| ०६ | ३९ | मातृभूमी प्रा.वी | विहादी,३ पोखरीचौर | |
| ०७ | १५ | शिवालय प्रा.वि | जलजला, ५ लेखफाँट | |
| ०८ | ७० | विनु मा.वि | पैयु,६ सरौखोला | |

## वैठक संख्या ४ मिति : २०७५।११।२९

१.वाढी पहिरो आगलागी जस्ता विपदका घटनाहरु जुनसुकै वेला घट्न सक्ने हुँदा सम्पुर्ण सरोकारवाला निकाय, स्थानिय तहहरु विपद् घट्न नदीन साथै विपद् आईपरेमा सो वाट हुने जोखीम न्युनीकरण गर्न तयारी हालतमा रहने र आगामी वैठकमा सवै सरोकारवाला सोही मुताविक गर्न गराउन लेखी पठाउने ।

२. विपद् पूर्व तयारी कार्ययोजना-२०७५लाई समय सापेक्ष परिमार्जतन गर्ने ।

## वैठक संख्या ५ मिति : २०७६।०१।०५

१. पर्वत जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७५ लाई अध्यावधीक गर्ने, त्यसका लागी सहायक प्रमुख जिल्ला अधिकारी श्री छविलाल सुवेदीको संयोजकत्वमा तपशिलको समिती गठन गर्ने निर्णय गरियो ।

क. संयोजक -श्री छविलाल सुवेदी सं.प्र.जि.अ- जिल्ला प्रशासन कार्यालय पर्वत

ख.सदस्य-श्री राजेन्द्र बहादुर क्षेत्री, शाखा अधिकृत्त कुश्मा पर्वत

ग.सदस्य-श्री राजन रायमाझि, प्रहरी निरिक्षक, जिल्ला प्रहरी कार्यालय पर्वत

घ.सदस्य-श्री दिपक भण्डारी, जनस्वास्थ्य अधिकृत्त, स्वास्थ्य कार्यालय पर्वत

ङ.सदस्य -श्री रुद्र वहादुर रिमाल,सभापती ने.रे.सो. पर्वत

च.सदस्य-श्री केदारनाथ शर्मा, अध्यक्ष पर्वत उद्योग वाणिज्य संघ पर्वत

छ.सदस्य-श्री शिव प्रसाद पौडेल, पूर्वाधार विकास कार्यालय पर्वत

जं.सदस्य- श्री प्रकाश वस्नेत, सव ईन्जीनियर, जलाधार तथा भू.सरंक्षण कार्यालय पर्वत

झं.सदस्य-सचिव  श्री नारायण प्रसाद पौडेल, ना.सु जिल्ला प्रशासन कार्यालय पर्वत

२. स्थानिय तह (गा.पा।न.पा) स्तरीय विपद् न्युनीकरण तथा व्यवस्थापना समिती गठन नभएको भए यथाशिध्र गठन गरी सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिमा गराउने निर्णय  गरीयो ।

३.विपद् व्यवस्थापन कोष कम्तीमा १० लाख रुपैयाँ राख्ने व्यवस्था मिलाउने ।

४.जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र पर्वत मा नियमित विपद्का घटना हरुको टेलीफोन नं. ०६७-४२११७२ मा जानकारी गराउने ।

५.कुनै दाता, संघ संस्था वा व्यक्ति वाट प्राप्त हुने रकम प्रधानमन्त्री राहात कोषमा जम्मा गर्ने व्यवस्था गर्ने ।

६.जिल्ला भर विपद व्यवस्थापनको एकद्वार प्रणलिवाट गर्ने, सोको समन्वय जिल्ला प्रशासन कार्यालय वाट हुने र राहात वितरण गर्दा न्यायोचित ढंगवाट गर्नु पर्ने निर्णय गरीयो ।

७.गर्मीयाम सँगै उत्पन्न हुने आगलागी, हुरी वतास, चट्टान जस्ता विपद्का घटनाहरुको न्युनीकरण गर्न पूर्व सावधानी अपनाउने ।यस कुरामा DPRP मा उल्लेख गर्ने समेत निर्णय गरियो ।

८.पर्वत जिल्ला वाढी पहिरोको अत्यन्तै जोखीममा रहेको हुँदा विपद्को पूर्व तयारीका लागी हाल स्टकमा ग्याविन जाली अत्यन्तै न्यून रहेको हुनाले जलास्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय मार्फत १००० थान र जलाधार तथा भू-संरक्षण कार्यालय पर्वत मार्फत ५०० थान ग्याविन जाली खरिदका लागी प्रदेश सरकार र संघीय सरकार समक्ष माग गरी पठाउने निर्णय गरियो ।

९.यस जिल्लामा विपद्का समयमा खानेपानीको पाईप तत्कालै आवश्यक पर्ने हाल भण्डारणमा पाईप नभएकोले प्रदेश सरकार र संघीय सरकार समक्ष खानेपानी पाईपको लागी माग गरी पठाउने निर्णय गरीयो ।

१०. जिल्ला आयोजना कार्यान्वयन इकाई ( अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार ) कार्यालय पर्वत वाट यस जिल्ला स्थित तपशिल बमोजिमका स्थानका बस्ती जोखीम रहेको भनि सिफारिस भई आएकोले सोको व्यवस्थापनका लागी सम्वन्धीत निकायमा लेखी पठाउने निर्णय गरीयो ।

**तपशिल**

| क्र.स | वस्तीको विवरण | उक्त कार्यालय वाट भएको पहल |
|---|---|---|
| ०१ | मोदी गा.पा | मोदी गा.पा ३ जयले, र विहादी को केही वस्ती जोखीमयुक्त रहेकोले पूननिर्माण जिल्ला समन्वय समितिको पहिलो वैठकको निर्णय बमोजिम अध्ययन का लागी राष्ट्रिय पुननिर्माण प्राधिकरणमा अनुरोध भएको । |
| ०२ | महाशिला गा.पा | महाशिला गा.पा स्थित कुशुनडाडाँ भन्ने वस्ती ( पुननिर्माण जिल्ला समन्वय समितिको पहिलो वैठकको निणर्यबमोजिम अध्ययनका लागी राष्ट्रिय पुन:निर्माण प्राधिकरण मा अनुरोध भएको। |
| ०३ | कुलवहादुर नेपाली समेत ९ जना साविक सरौखोला हाल पैयु गां.पा ६ जैविरे | जैविरे भन्ने स्थानका वासीन्दाले जोखीम वस्ती भएको भन्ने व्योहोराको निवेदन प्राप्त हुन आएको उक्त निवेदन CLPIU मा आवश्यक कारवाहीका लागी पठाईएको । (अध्ययन नभएको) |
| ०४ | कुल वहादुर नेपाली र गंगाधर नेपाली जना २ साविक वर्राचौर हाल विहादी २ पर्वत | CLPIU मा आवश्यक कारवाहीका लागी लेखी पठाईएको ।(अध्ययन टोली आएको प्रतिवेदन प्राप्त हुन नआएको) |
| ०५ | राम वहादुर वि.क साविक शालिग्रम हाल विहादी गा.पा ६ | साविक शालिग्रम हाल विहादी गां.पा ६ पर्वत |
| ०६ | कटक वहादुर क्षेत्री समेत १९ जना साविक भगरा गा.वि.स वडा नं. २ गौरिस्वारा हाल फलेवास न.पा ९ पर्वत | १९ घर परिवार सोही स्थानको साविक भंगरा १ को वैकुष्ठे भन्ने स्थानमा एकीकृत्त वस्तीका लागी निवेदन प्राप्त (कार्यकारी सदस्य वाट अनुगमन भई सकेको प्रतिवेदन प्राप्त भई नसकेको ) |
| ०७ | मोदी गां. पा को मोहरीया करिव २० घर परिवार रहेको वस्ती | पुन:निर्माण जिल्ला समन्वय समितिको दास्रो वैठकको निणर्य बमोजिम अध्ययनका लागी राष्ट्रिय पुन:निर्माण प्राधिकरण अनुरोध भएको । |

**वैठक संख्या ६ मिति : २०७६।०१।१९**

१.मिति २०७६ साल वैसाख १८ गते वुधवारका दिन हावा हुरी वतास (वर्षा सहित) विपद्वाट क्षती भएका पर्वत जिल्ला भरका संरचना निर्माण का लागी सम्वन्धीत गाँउपालिका, नगरपालिकाहरुले स्थानिय विपद व्यवस्थापन समितिको सहयोग, सहकार्य र समन्वयमा (स्थानिय यूवा क्लव,आमा समूह, राजनैतीक दलका भातृसंगठन संघ, सस्था समेत) आवश्यक अनुसार नेपाली सेना, शसस्त्र प्रहरी,वल र नेपाल प्रहरी को सहयोग माग गर्न सक्ने ।

२.क्षतीग्रस्त विद्यालयहरुको निर्माण का लागी यथाशिध्र क्षतीको विवरण प्राविधीक कर्मचारी खटाई लगत ईस्टमेट गरी गराई एकीन गरी सम्वन्धीत पालिका मार्फत संरचना निर्माण गर्ने र आवश्यकता अनुसार जिन्सी समान र रकम माग गर्नु परेमा प्रदेश तथा संघिय सरकार समक्ष माग गर्ने ।

३.२०७६ साल वैसाख १८ गते वर्षा सहितको हावा हुरीले कृषी वाली र संरचनामा भएको क्षतीको विवरण सम्वन्धीत गा.पा,न.पा ले कृषी ज्ञान केन्द्र पर्वत मार्फत जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेश  गर्ने ।

४.मनसुनपूर्व तयारी योजना २०७६ लाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**वैठक संख्या ७ मिति : २०७६।०३।०५**

१.सामुदायिक रेडीयो पर्वत १०३.६ मेगाहर्जमा मिति २०७६ साल जेष्ठ मा आगोलागी भई रु ३६,८०,७००। बरावर क्षती भएकोले रेडीयो पुन संञ्चालनको लागी आर्थिक सहयोग उपलब्ध गराइदीन गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

२.अद्यावधिक गरिएको विपद् प्रतिकार्य योजना २०७६ अनुमोदन गरी प्रकाशन गर्ने निर्णय गरीयो ।

३.हालसम्म राहत तथा क्षतीपूर्तीका लागी विपद व्यवस्थापन कोषबाट भएको खर्चको समर्थन गर्ने निर्णय गरीयो ।

४.सबै स्थानिय तहले अगामी आ.व देखी अनिवार्य रुपमा विपद् व्यवस्थापन कोष स्थापना गर्न आग्रह गर्ने निर्णय गरियो ।

५.मोदी गाँउपालिका, कुश्मा नगरपालिका र फलेवास नगरपालिकामा असिना र हावाहुरीवाट भएको क्षतीको कृषी ज्ञानकेन्द्र,पर्वत वाट संकलित विवरण अनुसार गण्डकी प्रदेश सरकार समक्ष सहयोग माग गर्न सिफारिस गर्ने निर्णय गरीयो ।

६.वर्षाको समयमा पहिरो आउन सक्ने भएकोले सम्बन्धीत निकाय एवं विषयगत कार्यालयहरुवाट ग्याविन जाली माग गर्ने निर्णय गरीयो ।

७.विपद आई परेमा DEOC र विपद व्यवस्थापन समितिलाई तत्काल जानकारी गराई सवै सरकारी तथा गैर सरकारी निकायहरु समन्वयात्मक ढंगबाट तत्काल परिचालित हुने निर्णय गरियो ।

८.कुनै क्षती भएमा वडास्तरको विवरण संकलन गरी गा.पा ,न.पा वाट सम्वन्धित विषयगत कार्यालय मार्फत जिल्ला विपद व्यवस्थापन समिती समक्ष पेश गर्ने निर्णय गरियो ।